सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५१ | गान्तोक, (शनिबार) अक्टोबर ३, २०१८ | अङ्क ४२

## पाकिम विमानस्थलले व्यापार पर्यटन अनि अतिथि सत्कारको क्षेत्रमा नयाँ अवसरहरू ल्याउनेछः राज्यपाल

**गान्तोक।**
दिल्लीबाट फर्किने क्रममा राज्यपाल गंगा प्रसाद २९ अक्टोबरका दिन कलकताबाट पाकिम विमानस्थल भएर सिक्किम आइपुग्नुभयो। पहिलोपल्ट हवाई मार्ग भएर सिक्किम आइपुग्नुभएका राज्यपाल प्रसाद सवारी रहेको विमान विहान १०:४५-मा पाकिम विमानस्थलमा अवतरण भयो। पाकिम विमानस्थलमा विमान अवतरण भएपछि राज्यपाललाई विमानस्थल निर्देशक आर मञ्जुनाथन लगायत अधिकारीगण एवम् जिल्ला प्रशासनद्वारा न्यानो स्वागत जनाइयो।

पाकिमसम्मको आफ्नो पहिलो हवाई यात्राका निम्ति खुशी व्यक्त गर्नुहुँदै राज्यपालले सिक्किमवासीका निम्ति आगामी दिनमा विशेषगरि व्यापार पर्यटन अनि अतिथि सत्कारको क्षेत्रमा यस नवसञ्चालित विमानस्थलले नयाँ अवसरहरू ल्याउनेछ भनी बताउनुभयो। उहाँले पाकिमबाट अविरल हवाई सम्पर्क सञ्चालन सुनिश्चित गर्ने दिशामा काम गर्न विमानस्थलका अधिकारीहरूसित आग्रह गर्नुहुँदै जसको कारण प्रत्येक वर्गका सिक्किमवासीले यसको लाभ उठाउन सकुन् भनी बताउनुभयो।

## तथागतसलमा सद्भावना सत्संग सम्पन्न

**राङ्भला।**
मुख्यमन्त्री पवन चामलिङले भन्नुभएको छ, राज्य सरकारले पश्चिम सिक्किमको गेजिङमा मानव धर्मको मिन्दिर निर्माण गरिनेछ। वहाँले ३१ अक्टोबरका दिन दक्षिण सिक्किमको राभाङ्लास्थित तथागतसलमा आयोजित सद्भावना सत्सङ समारोहलाई सम्बोधन गर्नुहुँदै यस कुराको घोषणा गर्नुभएको हो। मानव उत्थान सेवा समिति सिक्किम अञ्चलद्वारा आयोजित कार्यक्रममा उत्तराखण्ड राज्यको पर्यटन, सिँचाई, भारत-नेपाल उत्तराखण्ड नदि परियोजना मन्त्री सतपालजी माहाराज, सिक्किम विधानसभा अध्यक्ष केएन राई, मन्त्रीगण, मानव उत्थान सेवा समितिका प्रतिनिधि लगायत देश तथा विदेशबाट आएका भक्तजनहरूको उपस्थिति रहेको थियो।

मानव उत्थान सेवा समिति सिक्किमद्वारा लबाब ड्युछेनको पावन अवसरमा राभङलाको चर्चित बुद्धपार्क (तथागतसल)-मा आयोजित एक दिवसीय सद्भावना

रहल पृष्ठ २-मा...

## राज्यपालद्वारा पाण्डामस्थित गढ़ी मन्दिरको भ्रमण

**रम्फू।**
सिक्किमका राज्यपाल गंगा प्रसादले मध्य पाण्डामस्थित गढी देवी मन्दिरको भ्रमण गर्नुभयो। सो अवसरमा क्षेत्र विधायक गोपाल बराईली साथै स्थानीय मानिसहरूले उहाँलाई स्वागत जनाए। राज्यपालले मन्दिरमा पूजा-अर्चना गर्नका साथै गढी देवी मन्दिरमा भ्रमण गर्न पाएकोमा कृतज्ञता तथा सन्तुष्टि व्यक्त गर्नुभयो। त्यसपछि राज्यपालले पाण्डाम भ्याल्ली होमस्टेको भ्रमण गर्नका साथै आम मानिसहरूसँग बातचीत गर्नुभयो। उहाँले स्थानीयवासीबाट यस होमस्टेको बारेमा जानकारी लिनुभयो। भ्रमणअवधि राज्यपालले श्री केदारेश्वर शिवालय मन्दिरको पनि भ्रमण गर्नुभयो जहाँ राज्यपाललाई मध्य पाण्डामका आम मानिसले भव्य स्वागत जनाए। मन्दिरमा पुजा-अर्चना गरेपश्चात केदारेश्वर मन्दिर समितिद्वारा आयोजित भजनमा सहभागि बन्नुभयो। मन्दिर समितिद्वारा राज्यपालको महत्त्वपूर्ण उपस्थितिको निम्ति सल तथा शिवलिङ्ग भेट गरी अभिनन्दन गरियो।

सो अवसरमा जनसभालाई सम्बोधन गर्दै राज्यपालले मन्दिर भ्रमण गर्नका लागि आफूलाई निमन्त्रण गरेकोमा मध्य पाण्डामवासीप्रति धन्यवाद व्यक्त गर्नुभयो। युगौंदेखि सिक्किमका मानिसहरू सधैंव एकजुट भई सद्भावनाका साथ प्रेमपूर्वक रहिआएको बताउनुहुँदै हामी सबै एकजुट भएर यसलाई सधैंव कायम राख्नुपर्छ भन्नुभयो।

राज्यमा जैविक खेतीले पाएको सफलताको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, मेहनतका साथ काम गरेर यस अभियानलाई सफल तुल्याउनुपर्छ।

उहाँले अझ भन्नुभयो, मेरो सिक्किम आगमनदेखिको अनुभवमा मैले सिक्किमका मानिसहरू अतिनै खुशी रहेको अनुभव गरें अनि यस्तै दयालु, मैत्रीपूर्ण तथा खुशीयाली मानिसहरू अरूतिर पनि फैलियुन् भन्ने आशिर्वाद दिन्छु।

यहाँका मानिसहरू खुशीसंग जिउनका साथै सद्भावनाका साथ एकजुट भएर समाज तथा देशहितको निम्ति काम गर्नेछन् भन्ने कुराको मलाई विश्वास छ। उहाँले अझ भन्नुभयो, देशको नागरिक भएर समाज तथा राष्ट्रहितको निम्ति काम गर्नु हाम्रो मुख्य कर्तव्य हो भन्ने कुरामा म विश्वास गर्छु। यसअघि राज्यपालले संस्कृत पाठशालाको मर्मत्तिका लागि राज भवनबाट अनुदान राशी प्रदान गर्ने घोषणा गर्नुभयो।

यसै क्रममा राज्यपाले कमेरेमा अवस्थित एकीकृत जैविक खेतीको भ्रमण गर्नुभयो। माध्य पाण्डामका एकीकृत जैविक खेतीका मालिक सीपी भट्टराई साथै स्थानिय जनताले राज्यपाललाई स्वागत जनाए। राज्यपालले कमेरेका जनतासँग कुराकानी गर्नुहुँदै उनीहरूबाट दुःख-सुखका कुरा सुन्नुभयो। स्थानिय बाल कलाकारहरूको सांस्कृतिक नृत्य प्रस्तुत पनि रहेको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै राज्यपालले एकृकीत जैविक खेतीको भ्रमण गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। जैविक खेती सफल भएकोमा स्थानीय मानिसप्रति धन्यबाद व्यक्त गर्नुभयो।

## चर्चित विश्वविद्यालय बोलोग्नाको मुख्यमन्त्रीद्वारा भ्रमण



**इटाली।**
इटाली भ्रमणमा रहेका मुख्यमन्त्री पवन चामलिङले गत १९ अक्टोबरको दिन विश्वको एक चर्चित र पुरानो विश्वविद्यालय बोलोग्नाको भ्रमण गर्नुभयो। आधिकारिक विदेश भ्रमणमा रहनुभएका मुख्यमन्त्री चामलिङ र सिक्किमे टोलीद्वारा इटालीका कतिपय विश्वप्रसिद्ध विश्वविद्यालय, सांस्कृतिक धरोहरहरू आदिको भ्रमण गरियो। वर्ष १०८८-मा स्थापित बोलोग्ना विश्वविद्यालय विश्वमै प्रसिद्ध मानिन्छ। यस विश्वविद्यालयमा वास्तुकला, सांस्कतिक धरोहर, पौराणिक दर्शन अनि इटालियन अध्ययन, भौतिकशास्त्र अनि ज्योतिषशास्त्र, कृषि लगायत खाद्य विज्ञानजस्ता विषयहरूमा अध्ययन गराइन्छ। बोलोग्ना विश्वविद्यालयको भ्रमणावधि मुख्यमन्त्री चामलिङलाई विश्वविद्यालयका अधिकारीहरू र कर्मचारीहरूद्वारा स्वागत जनाइएको थियो।

अन्तरराष्ट्रिय सम्पर्क अधिकारी मारिया

रहल पृष्ठ २-मा...

## मुख्यमन्त्रीलाई भव्य स्वागत



**गान्तोक।**
इटली राष्ट्रको राजधानी रोमस्थित संयुक्त राष्ट्रको खाद्य अनि कृषि संगठनको मुख्यालयमा १४ अक्टोबरको साँझ प्रतिष्ठित फ्यूचर पोलिसी स्वर्ण पुरस्कार ग्रहण गरेर राज्यमा फर्किनुभएका मुख्यमन्त्री पवन चामलिङलाई २३ अक्टोबर दिउँसो रम्फूमा सिक्किमवासीद्वारा भव्य स्वागत जनाइयो। सिक्किमले विश्वकै पहिलो सय प्रतिशत जैविक राज्य हुने सुनाम कमाएको छ। यो पुरस्कार मुख्यमन्त्रीले सिक्किमे जनता साथै देशलाई समर्पण गर्नुभएको छ।

रम्फूमा आयोजित स्वागत कार्यक्रममा बोल्नुहुँदै मुख्यमन्त्री पवन चामलिङले सिक्किमले स्वर्ण पदक पाउनको पछि सिक्किमे कृषकहरूको महत्त्वपूर्ण

रहल पृष्ठ २-मा...

## केन्द्रिय राज्य मन्त्री भाबोरको मुख्यमन्त्री सँग भेट

**गान्तोक।**
गत २५ अक्टोबरको साँझ केन्द्रिय जनजाति मामिला राज्य मन्त्री जसवन्त सिंह भोवरले मिन्तोकगाङमा मुख्यमन्त्री पवन चामलिङ भेटघाट गर्नुभयो। उहाँले आय आर्जन गतिविधिहरूका निम्ति केन्द्र सरकार राष्ट्रिय अनुसूचित जनजाति वित्त विकास निगमअन्तर्गत ऋण राशि बृद्धि गर्न तयार रहेको बताउनुभयो, तर यसको निम्ति राज्य सरकारले पाँच करोड रूपियाँ ग्यारेण्टी दिनुपर्ने छ भनी बताउनुभयो।



उहाँले सिक्किममा पूर्ण रूपमा क्रियाशील चारवटा ईएमआर विद्यालय रहेको र राज्य सरकारले पाँचौं ईएमआर

रहल पृष्ठ २-मा...

## तथागतसलमा.....

सम्मेलनको शुरुवात हिन्दु र बौद्ध धर्मका धर्म गुरुहरुद्वारा शान्ति पाठ-पूजन पछि भयो। कार्यक्रममा मुख्यमन्त्री पवन चामलिङ मुख्य अतिथिका रूपमा रहनुभएको थियो भने मानव धर्मका प्रणेता सतपालजी महाराजको विशेष उपस्थिति रहेको थियो। बौद्ध लामा र हिन्दु धर्मका पण्डितहरुद्वारा संयुक्त रूपमा पठन गरिएको सद्भावना शान्ति पाठका साथै आयोजन गरिएको हवन कार्यक्रममा मन्त्री सतपालजी महाराज र मुख्यमन्त्री चामलिङले पनि भाग लिनुभएको थियो। मुख्यमन्त्रीसाथै अतिथिगणद्वारा तथागतसलमा निर्माण गरिएको बुद्ध प्रतिमाको परिभ्रमण साथै भगवान बुद्धको अस्तु दर्शन गरियो।

मानव जीवनमा भौतिकसँगै आध्यात्मिक विकासको पनि आवश्यकता हुने उल्लेख गर्नुहुँदै मुख्यमन्त्री चामलिङले आध्यात्मिक क्षेत्रको विकाससँगै राज्यको विकासमा पनि उच्च विचार राख्नुपर्छ भनी बताउनुभयो। मुख्यमन्त्रीले भन्नुभयो, सिक्किमको ठूलो विकास भनेको शान्ति र सुरक्षा हो।

भौतिक र आध्यात्मिक विकासबाट नै मानिस सफल बन्नसक्छन् भन्नुहुँदै उहाँले यी दुवै क्षेत्रलाई ध्यानमा राखेर सरकारले काम गरिरहेको छ भनी बताउनुभयो। उहाँले अघि भन्नुभएको छ, वर्तमान विश्वमा आफैले आफैलाई नचिन्नु ठूलो चुनौती रहेको छ, भगवान बुद्धले पनि आफैले आफूलाई चिनुपर्छ भन्ने सन्देश दिनुभएको छ।

उल्लेख्य, ३० अक्टोबरका दिन पूर्व सिक्किमअन्तर्गत आसाम लिङ्जेमा आधारशिला राखिएको मानव धर्म आश्रमको एक वर्षमा निर्माणकार्य पूरा गरिने मुख्यमन्त्रीले जानकारी दिनुभएको छ। आगामी १७ दिसम्बरदेखि राज्यमा जनता मेला आयोजन गरिने कुराको अवगत गराउनुहुँदै मुख्यमन्त्रीले आफ्नो ३२ दिने सिक्किम भ्रमणमा गरेका घोषणाहरुलाई आगामी दिसम्बर सम्ममा पूरा गरी त्यसलाई कार्यान्वयन गरिने पनि जानकारी दिनुभएको छ।

आफूलाई गरिएको सम्मानको निम्ति मानव उत्थान सेवा समिति सिक्किमप्रति कृतज्ञता व्यक्त गर्नुहुँदै मुख्यमन्त्रीले गत १४ अक्टोबरमा रोममा प्राप्त भएको फ्युचर पोलिसी स्वर्ण पुरस्कार सिक्किमे जनता र देशलाई समर्पित गरेको बताउनुभयो। मुख्यमन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किमे जनतालाई दिनुभएको बधाईको निम्ति पनि जनताको तर्फबाट आभार प्रकट गर्नुहुँदै गुरुमहाराज सतपालजीको करकलमबाट सम्मानित हुनपाएकोमा हर्षित भएकोछु भन्नुभयो।

कार्यक्रममा आफ्नो सम्बोधन राख्नुहुँदै मन्त्री सतपालजी महाराजले सिक्किमले गरेका उपलब्धिहरूको प्रशंसा गर्नुभयो। सिक्किमले जैविक खेती र भविष्य नीतिमा गरेका कार्यहरूको निम्ति मुख्यमन्त्री पवन चामलिङ र सिक्किमवासीलाई बधाई दिनुहुँदै सिक्किमले जैविक खेतीको क्षेत्रमा विश्वलाई दिशा देखाएको कुराको उल्लेख गर्नुभयो। मन्त्री महाराजले भगवान बुद्धको वाणी र उहाँको जन्मले विश्वलाई दिएको आध्यात्मिक योगदानको बारेमा बताउनुभयो।

# राज्यस्तरीय सल्लाहकार समितिको सभा सम्पन्न

**गान्तोक।**

राज्य अनि राष्ट्रिय स्तरमा प्राकृतिक प्रकोप अनि आपदाको समयमा विद्यालयले विद्यार्थीहरूको सुरक्षालाई सधैं नै धेरै महत्वपूर्ण मानिने कुरालाई दर्शाउँदै विद्यालयको सुरक्षामाथि पहिलो राज्य स्तरीय सल्लाहकार समितिको सभा बस्यो। विद्यालयको सुरक्षामाथि हालै राज्य स्तरीय सल्लाहकार समिति गठन गरेको कुरा राज्य सरकारले अधिसूचित गरिसकेको छ।

समितिमा मुख्य सचिव अध्यक्ष अनि मानव संसाधन विकास विभागका अतिरिक्त मुख्य सचिव, भू-राजस्व तथा आपदा प्रबन्धन विभागका राज्य राहत आयुक्त एव सचिव र विद्यालय शिक्षाका निर्देशक सदस्यको रूपमा रहेका छन्।

मुख्य सचिवको अध्यक्षतामा बसेको समितिको पहिलो सभामा विद्यालयको सुरक्षासित सम्बन्धित विभिन्न पक्ष अनि राज्य सरकारद्वारा चलाइएका पहलबारे समितिद्वारा विस्तृत रूपमा समिक्षा गरियो। शिक्षा विभाग अनि सिक्किम राज्य आपदा प्रबन्धन निकायले संयुक्त रूपमा विद्यालयको सुरक्षाका निम्ति गरेका विभिन्न पहलको पनि यहाँ उल्लेख गर्न आवश्यक छ। लाइन विभागसहित विद्यालय र महाविद्यालयसित मिलेर सिक्किम सरकारले निरन्तर रूपमा आपदा प्रबन्धन तयारी गतिविधिहरू आयोजन गर्दै आइरहेछ। समय समयमा मक ड्रिल आयोजन गर्दै आएको राज्यले हालै १० अक्टोबरका दिन पनि भूकम्प आउँदाको समयमा अपनाइनुपर्ने सुरक्षाका उपायहरूलाई मध्यनजर गरेर मक ड्रिलको आयोजन गरेको थियो।

विद्यालयको सुरक्षा नीतिमाथि सर्वोच्च न्यायालयले हालै जारी गरेको निर्देश अनि राष्ट्रिय आपदा प्रबन्धन निकायको दिशानिर्देशअनुसार यसै वर्षको जुलाई महिनामा राज्य स्तरीय सल्लाहकार समितिको गठन गरिएको हो।

# सेनाद्वारा पुलिस स्मरणोत्सव दिवस पालन

**मार्चक।**

सशस्त्र सीमा बल (एसएसबी)-द्वारा मार्चकस्थित मुख्यालयमा उत्साहका साथ पारम्परिक रूपमा पुलिस स्मरणोत्सव दिवस पालन गरियो। वर्ष २०१७-को अगस्त महिनादेखि सितम्बर २०१८-सम्ममा राष्ट्रको सेवामा रहेका छह जना एसएसबी जवानले वीरगति प्राप्त गरेका छन्। वीरगति प्राप्त गर्ने जवानहरूमा एचसी/जीडी राम प्रिभेस यादव, एसआइ/जीडी मदन लाल, डीएफओ (मेडिस) थोङगामाङ, सीटी/जीडी अजित कुमार राजक, एचसी/जीडी प्रभु राजेन्द्र सी अनि सीटी/जीडी राममिलन चौहान रहेका छन्।

यसबाहेक स्मरणोत्सवको अवसरमा विभिन्न पुलिस संगठनका ४१९ पुलिस जवानहरूको पनि सम्झना गरियो। एसएसबी प्रशासनका कर्मचारी अधिकारी पीबी छेत्रीले पुष्प गुच्छाद्वारा शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुहुँदै यस दिनको महत्वमाथि प्रकाश पार्नुभयो। यस अवसरमा पारम्परिक सोक सशस्त्र पनि प्रदर्शन गरियो।

## मुख्यमन्त्रीलाई भव्य....

भूमिका रहेको कुरा उल्लेख गर्नुभयो। जैविक खेतीलाई सिक्किम सरकारले आफ्नो कार्यक्रममा सामेल गराएर गोल्ड मेडल प्राप्त गरेको मुख्यमन्त्रीले बताउनुभयो। उहाँले भन्नुभयो, विश्वको कुनै सरकारले जैविक खेतीलाई आफ्नो सरकारको कार्यक्रमअन्तर्गत लिएको छैन। सरकारले जैविक अभियानलाई सरकारी कार्यक्रम बनाएमात्र जैविक विश्व बनाउन सकिन्छ भन्ने सिक्किमले सन्देश दिएको छ। विश्वमा एक प्रतिशत मात्र जैविक खेती गरिने गरेको बताउनुहुँदै मुख्यमन्त्रीले विश्वको सबैभन्दा ठूलो समस्या ग्लोबल वर्मिङमा ५० प्रतिशत समस्या अजैविक खेतीले गर्दा भएको कुरा विश्वले बुझिसकेको जानकारी गराउनुभयो।

अब विश्वलाई जैविक खेतीको निम्ति दबाव दिन संयुक्त राष्ट्र संघको खाद्य एवम् कृषि संगठनले काम गर्नेछ भन्ने विषयमा आफू विश्वस्त रहेको पनि उहाँले बताउनुभयो। रोममा भएको कार्यक्रमले सिक्किमलाई विश्वमा चिनाएको छ भन्नुहुँदै मुख्यमन्त्रीले सारा विश्वले सिक्किमलाई फ्यूचर एग्रीकल्चर पोलेसीको मोडलको रूपमा हेरिरहेको छ भनी बताउनुभयो। उहाँले भन्नुभयो, अब सबैले मिलेर काम गर्ने दिन आएको छ।

सिक्किमले विश्वस्तरको अवसर ल्याएको छ।

इटली प्रस्थान हुनअघि मुख्यमन्त्रीले ११ अक्टोबरका दिन नयाँ दिल्लीमा आयोजित कार्यक्रमबीच जेआरडी टाटा अवार्ड पनि ग्रहणगर्नुभयो। सो पुरस्कार सिक्किम सरकारले राज्यमा स्वास्थ्यको क्षेत्रमा गरेका कार्यहरूलाई ध्यानमा राख्दै प्रदान गरिएको मुख्यमन्त्रीले जानकारी दिनुभयो। जेआरडी पुरस्कार सिक्किमले गत साल २००९-मा पनि प्राप्त गरेको थियो। यस अवार्ड विषयमा बोल्नुहुँदै मुख्यमन्त्रीले भन्नुभयो, स्वास्थ्यको क्षेत्रमा सिक्किमा जस्तो कुनै राज्यहरूमा पनि काम भएको छैन।

मुख्यमन्त्रीले सिक्किममा कृषकवर्ग, कृषि विभागका अधिकारीगण, सिक्किमे व्यापारीवर्ग लगायत सबैप्रति धन्यवाद व्यक्त गर्दै बधाई दिनुभयो। मुख्यमन्त्रीले फ्युचर पोलेसी स्वर्ण पुरस्कार सिक्किमे किसानले पाएको बताउनुहुँदै यसले मानिसलाई कहिल्यै गरीब हुन दीनेछैन भन्नुभयो।

मुख्यमन्त्रीलाई स्वागत जनाउन सिक्किम विधानसभा अध्यक्ष केदारनाथ राई, उपाध्यक्ष सोनाम ग्याछो लेप्चा, मन्त्रीगण, विधायकगण, जिल्ला पञ्चायत अध्यक्ष, उपाध्यक्षगण पञ्चायतगण, मेयर, उपमेयर, पार्षदगण लगायत अन्य उपस्थित रहेका थिए।

# जैविक खेतीमाथि वार्डस्तरीय प्रशिक्षण कार्यक्रम सम्पन्न

**गान्तोक।**

माभिदिर सेवा प्रदाताद्वारा २८ अक्टोबरका दिन पश्चिम सिक्किममा जैविक खेतीका विभिन्न पक्षमाथि वार्ड स्तरीय प्रशिक्षण कार्यक्रमको आयोजन गरियो। दराब-नम्बू ग्राम पञ्चायत एकाइ (जीपीयू)-को सिन्द्राङ वार्डमा सम्पन्न कार्यक्रममा कृषक हितको समूह (एफआइजी)-का सभापति बुद्धिलाल लिम्बू, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति अधिनियम (एमजीनरेगा)-का सदस्य लगायत माभिदिरका प्रमुख प्रशिक्षक सन्तवीर छेत्री अनि टाशी लेप्चाको उपस्थिति थियो।

प्रशिक्षणको पहिलो चरणमा प्रशिक्षक सन्तवीर छेत्रीले जैविक कृषिको महत्त्व र लाभमाथि प्रकाश पार्नुहुँदै कृषक एवम् आम नागरिकलाई यो कसरी लाभदायक हुन सक्छ भन्ने कुराको जानकारी गराउनुभयो। जैविक कृषिको निम्ति हालै मुख्यमन्त्री पवन चामलिङले प्राप्त गर्नुभयोको फ्यूचर पोलिसी स्वर्ण पुरस्कारको बारेमा पनि उहाँले सबैलाई अवगत गराउनुभयो।

दोस्रो चरणको प्रशिक्षण कार्यक्रममा प्रशिक्षक टाशी लेप्चाले जैविक खेतीको मानदण्डबारे अवगत गराउनुहुँदै एनओपी र एनपीओपी-अन्तर्गत कसरी जीपीयू-को जमीन प्रमाणीकरण गरिन्छ भन्ने कुराको जानकारी गराउनुभयो। यस अवसरमा २० भन्दा अधिक कृषकहरूले भाग लिएका थिए।

# जिल्ला युवा समन्वयकको सभा सम्पन्न

**नाम्ची।**

नेहरू युवा केन्द्र (एनवाइके)-को दोस्रो मासिक सभा दक्षिण जिल्लाका जिल्ला युवा समन्वयक (डीवाइसी) अनि राष्ट्रिय युवा स्वयंसेवकबीच एनवाइके कार्यालयमा सम्पन्न भयो। सभामा एनवाइएस-द्वारा विभिन्न गतिविधिको प्रतिवेदन प्रस्तुत गर्दै अन्य गतिविधिमा सक्रिय रूपमा संलग्न रहेको कुराको अवगत गराइयो।

डीवाइसी-ले तिमी-तार्कु खण्डका निम्ति रोजन प्रधान, राभाङला खण्डका निम्ति ज्योति शर्मा, जोरथाङ खण्डका निम्ति हेमन्त राई, नामथाङ खण्डका निम्ति सुश्री मिलन सुब्बा, नाम्ची खण्डका निम्ति चन्दन राई, सिकिप खण्डका निम्ति श्रीमती इलिसिबा गुरुङ, सुम्बुक खण्डका निम्ति सुयोग प्रधानलाई प्रभारी साथै सुश्री बसन्ति राईलाई कार्यालय सहायकको रूपमा नियुक्त गरिएको छ।

आगामी १४ नोभम्बरका दिन एनवाइकेएस-को स्थापना दिवस पालन गरिने पनि सभामा निर्णय लिइयो।

## चर्चित विश्वविद्यालय....

चैयारा डी फ्रान्सेस्चीद्वारा मुख्यमन्त्री चामलिङ र सिक्किमे टोलीलाई भव्य स्वागत जनाएको थियो। उहाँले विश्वविद्यालय परिसरको अवलोकन भ्रमणलाई अगुवाई गर्नुहुँदै विश्वविद्यालय र यसको इतिहासबारे संक्षिप्तमा जानकारी गराउनुभयो। फ्रान्सेस्चीले सिक्किमका मुख्यमन्त्री पवन चामलिङ साथै प्रतिनिधि टोलीले विश्वविद्यालयको भ्रमण गरेकोमा खुशी एवं आभार व्यक्त गर्नुभयो। टोलीलाई सोअवसरमा विश्वविद्यालय साहित्यको संकलन, पत्रिका, पुस्तक आदि टोकनस्वरूप प्रदान गरिएको थियो।

यसरी नै बोलोग्ना विश्वविद्यालयको भ्रमणावधि मुख्यमन्त्रीले विश्वविद्यालयका अधिकारीप्रति खुशी व्यक्त गर्नुहुँदै आफूहरूलाई यसरी विश्वविद्यालय पक्षले सम्मान जनाउँदै अवलोकन भ्रमण गराएर विश्वविद्यालयबारे ऐतिहासिक जानकारी दिएकोमा आभार प्रकट गर्नुभयो। मुख्यमन्त्रीले पनि सिक्किममा प्रकाशित कतिपय पुस्तकहरू अनि जैविक उत्पातहरू टोकनस्वरूप प्रदान गर्नुभयो। सोहीक्रममा मुख्यमन्त्री चामलिङले २० अक्टोबरको दिन इटालीको मिलनमा इन्स्टिच्युटो दान्तो एण्ड भोल्टेयर नामक संस्थानको पनि भ्रमण गर्नुभयो।

लोकप्रिय कमेडियन तथा साहित्यकारहरूको नाममा राखिएको यस संस्थानको भ्रमण गर्न पाएकोमा खुशीव्यक्त गर्नुहुँदै उनीहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो।

## केन्द्रिय राज्य मन्त्री भाबोरले.....

विद्यालयको निम्ति पनि प्रस्ताव राख्न सक्ने मुख्यमन्त्रीलाई बताउनुभयो। उहाँले २० हजारभन्दा धेरै जनसंख्या भएको ठाउँमा नयाँ ईएमआर विद्यालय निर्माण गरिनुपर्ने सल्लाह पनि दिनुभयो।

सो अवसरमा मुख्यमन्त्रीले पनि केन्द्रिय मन्त्रीद्वारा पेश गरिएका सबै मुद्दाहरूलाई प्राथमिकताको आधारमा हेर विचार गर्ने आश्वासन दिनुभयो। उहाँले ऋण राशि वृद्धिको निम्ति राज्य सरकारको तर्फबाट पाँच करोड रुपियाँ ग्यारेण्टी दिने आश्वासन पनि दिनुभयो।

मुख्यमन्त्रीले पर्यावरणका साथै अन्य क्षेत्रहरूमा राज्य सरकारले गरिरहेका विभिन्न अभिनव पहलबारे जानकारी दिनुभयो। उहाँले सिक्किम एउटा यस्तो राज्य रहेको बताउनुभयो जहाँका जनजातिहरूको प्रतिव्यक्ति आय सम्पत्ति देशमै उच्च रहेको छ।

उहाँले सिक्किम गरीबीमुक्त राज्य रहेको र राज्यका जनताका सबै न्युनतम आवश्यकताहरू पूरा गरिएको बताउनुभयो। उहाँले सिक्किम धर्म निरपेक्षता र समावेशी विकासको निम्ति एउटा आदर्श राज्य रहेको बताउनुभयो। उहाँले केन्द्रिय मन्त्रीलाई सिक्किम भ्रमणमा आएकोमा र केन्द्र सरकारद्वारा प्रदान भइरहेको सहायताको निम्ति आभार प्रकट गर्नुभयो।

# विज्ञान, गणित अनि पर्यावरणमाथि राज्य स्तरीय प्रदर्शनी २०१८-१९-को समापन

**गान्तोक।**
रानीपुलस्थित वृहस्पति प्रर्साईं वरिष्ठ माध्यमिक विद्यालयमा २४ अक्टोबरदेखि शुरू भएको 'विद्यार्थीहरूका लागि विज्ञान, गणित अनि पर्यावरणमाथिको राज्य स्तरीय प्रदर्शनी २०१८-१९'-को समापन भयो। कार्यक्रमको आयोजना सिक्किम सरकारको मानव संसाधन विकास विभागअन्तर्गत राज्य शैक्षणिक अनुसन्धान अनि प्रशिक्षण परिषद् (एससीईआरटी)-द्वारा नयाँ दिल्लीस्थित राष्ट्रिय शैक्षणिक अनुसन्धान अनि प्रशिक्षण परिषद् (एनसीईआरटी)-सितको सहकार्यतामा गरेको हो।

''जीवनमा चुनौतिका लागि वैज्ञानिक समाधान'' ध्येय रहेको प्रदर्शनीमा ४७-वटा विभिन्न विद्यालयका विद्यार्थीले सहभागिता जनाएका थिए। लोकसभा सांसद पीडी राईको अध्यक्षतामा सम्पन्न प्रदर्शनीको अन्तिम दिन शिक्षा विभागका अतिरिक्त मुख्य सचिव जीपी उपाध्याय, एनसीईआरटी-का सहायक प्राध्यापक डा. सीबी शिमरे, अतिथिगण लगायत विभिन्न जिल्लाका शिक्षक-शिक्षिका र विद्यार्थीहरूको उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सांसद पीडी राईले समाजलाई कमजोर बनाउने समस्यालाई बुझ्नका लागि युवाहरू बुद्धिमान हुनुपर्छ अनि कुशल विचारले यसको समाधान निकाल्नका साथै सकारात्मक विचारलाई पुनर्जीवित गर्नसक्नुपर्छ भनी बताउनुभयो। सिक्किम जैविक राज्य हो अनि युवा जमात र भविष्यका पीडिले विज्ञान तथा नयाँ प्रौद्योगीकीको माध्यमबाट जैविक परम्परालाई व्यवस्थित बनाउनमा ध्यान केन्द्रित गर्नुपर्छ, सांसद राईले भन्नुभयो। उहाँले प्रदर्शनीमा सहभागिता जनाउने शिक्षक-शिक्षिका अनि विद्यार्थीहरूलाई बधाई दिनुभयो।

समाजले सामना गर्दैगरेको समस्याको समाधानका लागि विद्यार्थीहरू अधिक विचार अनि उपायका साथ अघि आएर सबैलाई प्रेरित गराउनुपर्छ भनी अतिरिक्त मुख्य सचिव जीपी उपाध्यायले बताउनुभयो। ''सिक्किमको समृद्धिका लागि समाजलाई युवा अनि युवतीहरूले नेतृत्व गर्नुपर्ने कुराको हामीलाई आवश्यकता छ'', उहाँले भन्नुभयो। विभिन्न कठिन परिस्थिति हुँदाहुँदै पनि केही दुर्गम क्षेत्रबाट आएर कार्यक्रममा सहभागिता जनाउने शिक्षक-शिक्षिका अनि विद्यार्थीहरूको उपाध्यायले खुलेर प्रशंसा गर्नुभयो। हामीले भोग्दै गरेको समस्याको वैज्ञानिकले समाधान निकाल्छ भन्ने कुराको कसैले पनि संधै आशा गर्न सक्दैन भन्नुहुँदै डा. सीबी शिमरेले भन्नुभयो, वैज्ञानिक अनि अभियन्तासित भर नपरेर विद्यार्थीहरूले आफ्नो विचारमा सुधार ल्याउनका साथै चिन्तन गर्नुपर्छ। विद्यार्थीहरूले पहिला समस्यालाई बुझ्नका साथै नयाँ विचारहरूलाई कार्यान्वित गर्नुपर्ने कुराको उहाँले सुझाउ दिनुभयो।

कार्यक्रमको अन्तमा सांसद पीडी राईको बाहुलीबाट विजयी तथा प्रतिभागीहरूलाई प्रमाणपत्र प्रदान गरियो। यसअवसरमा रहेका कुल ४७ विद्यालयमध्ये पूर्वबाट २०, उत्तरबाट ६, दक्षिणबाट १७ र पश्चिमबाट १७ गरी ६० जना विद्यार्थीहरूले सहभागिता जनाएका थिए। आगामी ८-देखि १२ जनवरी २०१९-सम्म कलकतामा हुने पूर्वी भारत विज्ञान उत्सवका निम्ति सिक्किमबाट १०-वटा विद्यालय चयनित भएका छन्।

चयनित विद्यालयहरूमा प्रथम टाशी नामग्याल वरिष्ठ माध्यमिक विद्यालय, रम्फू वरिष्ठ माध्यमिक विद्यालय, रानीपुल विद्यालय, मोडर्न विद्यालय, देउराली कन्या विद्यालय, नाम्ची कन्या विद्यालय, मगन वरिष्ठ माध्यमिक विद्यालय, मामरिङ विद्यालय, तादोङ वरिष्ठ माध्यमिक विद्यालय अनि सदाम वरिष्ठ माध्यमिक विद्यालय रहेका छन्।

# मन्त्री डीटी लेप्चाको अगुवाईमा पारखा रोधी वार्डको भ्रमण

**पाकिम।**
होमस्टे पर्यटन, प्याराग्लाइडिङ, बर्ड वाचिङ, ट्रेकिङ लगायत अन्य पर्यटनको सम्भावनालाई मध्यनजर गरेर हालै नाथाङ-माछोङका क्षेत्र विधायक एवम् मन्त्री डीटी लेप्चाको अगुवाईमा रहेको टोलीद्वारा ठेकाबुङ, तीनखड्क, खिमसीका, अप्पर पारखा, डाँडागाउँ अनि पारखा रोधी वार्डको भ्रमण गरियो। टोलीमा क्षेत्र विधायकसित वाणीज्य एवम् उद्योग विभागका अध्यक्ष छोपेल जाङपो भोटिया, जिल्ला पञ्चायत सीता भोटिया, ठेकाबुङ-पारखा ग्राम पञ्चायत एकाइ (जीपीयू)-की पञ्चायत सभापति हरीमाया शर्मा, पञ्चायत डम्बर बहादुर गुरूङ, पारखा गाउँ विकास समितिका सभापति कमल गुरूङ लगायत पूर्व पञ्चायत रहेका थिए। यस क्षेत्रमा होमस्टे पर्यटनको विकासलाई लिएर स्थानीय युवा साथै नागरिकहरूसित अन्तरक्रिया गरियो।

ठेकाबुङ-तीनखड्कबाट शुरू भएको भ्रमणमा टोलीद्वारा लाकपा शेर्पा अनि उहाँको परिवारका सदस्यहरूसित भेट गर्दै यस क्षेत्रमा होमस्टे पर्यटनको सम्भावना अनि क्षमताबारे अवगत गराइयो। यस व्यवसायलाई अघि बढाउने पहल गर्न उनीहरूलाई आग्रह गरिएको छ। मन्त्रीले यस क्षेत्रको विकास गर्नका लागि आवश्यकता अनुसारको हुनसक्ने सहयोकका साथै ऋण र अन्य सहयोग उपलब्ध गर्ने आश्वासन दिनुभएको छ।

टोलीद्वारा तीनखड्केस्थित रक क्लाइम्बिङको भ्रमण गर्दै स्थानीयवासीसित स्वागतका लागि गेट बनाइने कुराको पनि अवगत गराइयो। होमस्टेको पहल गर्ने उद्देश्यका साथ मन्त्री लेप्चा तथा टोलीद्वारा लोकमान गुरूङ, सीबी गुरूङ अनि सचिन गुरूङको घरको पनि भ्रमण गरियो। खिमसीका गाउँस्थित दिपक गुरूङको होमस्टेको टोलीद्वारा निरीक्षण गरियो।

यसका साथै टोलीद्वारा डाँडागाउँस्थित प्याराग्लाइडिङका निम्ति रहेको स्थान अनि होमस्टेका लागि प्रस्तावित कार्यालय लगायत सुदेश गुरूङ र कर्णबहादुर गुरूङको होमस्टेको भ्रमण गरियो।

पारखाका विभिन्न घरको भ्रमण अवधि स्थानीयवासीले यहाँ होमस्टे पर्यटनको पहल गर्ने इच्छा जाहेर गरे। मन्त्रीले होमस्टे पर्यटनको इच्छा जगाउने सबैको घरको भ्रमण गर्नुहुँदै यस व्यवसायको माध्यमबाट मानिसले जीवनभरीका लागि धन आर्जन गर्न सकनेछन् भनी बताउनुभयो। उहाँले यस क्षेत्रका विभिन्न स्थानको उदाहरण पनि दिनुभयो। मन्त्रीले डाँडागाउँ पारखास्थित एकीकृत बाल विकास सेवा (आइसीडीएस) केन्द्रको भ्रमण गर्नुहुँदै आवश्यक सहयोग उपलब्ध गर्ने वचन दिनुभयो।

# अवकाशप्राप्त सरकारी कर्मचारी संगठनको सभा सम्पन्न

**नाम्ची।**
दक्षिण जिल्ला अवकाशप्राप्त सरकारी कर्मचारी कल्याण संगठनको सी अनि डी ग्रेडको चौतारी समूह आमसभा बस्यो। नाम्चीस्थित संगठनको कार्यालयमा सम्पन्न सभाको उद्देश्य चौतारीको लोगो लोकार्पण, सदस्यतालाई निरन्तरता दिनु, कानून विभागअन्तर्गत क्रम संख्या २७७९ भल्यूम नम्बर १ मा सफलतापूर्वक संगठन पञ्जीकृत भएको कुरा सदस्यहरूलाई अवगत गराउनु आदि रहेको थियो। सभामा चौतारीका मुख्य समन्वयक जेडी बान्याले संगठनलाई पञ्जीकरण गराउनमा पुर्याएको योगदानको कदर गर्दै प्रशंसा गरियो।

सभामा निर्णय लिइएअनुसार संगठनले प्रत्येक परिवारका अवकासप्राप्त एकजना सदस्यलाई अस्वस्थको समयमा चिकित्सा सेवा उपलब्ध गर्नेछ। संगठनद्वारा २२-जना सदस्यलाई यसको उपसमूहको रूपमा चयन गर्दै आदेश प्रदान गरेको छ भने चौतारिका लागि आठजना सदस्यलाई समन्वयकको रूपमा चयन गरियो। आगामी दिनमा संगठनले विभिन्न विषयमा सचेतना कार्यक्रमको आयोजना गर्ने पनि निर्णय लिएको छ। सिक्किम राज्यलाई संयुक्त राष्ट्र फ्यूटर पोलिसी स्वर्ण पुरस्कार दिलाउने सफलता प्राप्त गर्न सफल राज्यका मुख्यमन्त्री पवन चामलिङप्रति संगठनले आभार साथै शुभकामना व्यक्त गरेको छ।

# सुरज सेवा बने जेभियर्स स्वर २०१८-का च्याम्पियन

**पाकिम।**
सन्त जेभियर्स विद्यालयको कक्षा १२ कला विषयका विद्यार्थी सुरज सेवा जेभियर्स स्वर २०१८-का विजेता बन्नुभएको छ।

प्रतियोगिताको फाइनल सन्त जेभियर्स विद्यालयको प्रेक्षागृहमा २७ अक्टोबरका दिन सम्पन्न भयो। विद्यालयद्वारा आयोजित प्रतियोगिताको अवसरमा पाकिम महकुमाका आरओ/एडी कुशल गुरूङ, संगीत प्रेमी, संगीतकार, प्रबन्धक साथै धेरै प्रतियोगितामा निर्णायकको भुमिका निभाइसक्नुभएका टाशी नामग्याल अकादमीका संगीत शिक्षक अलबर्ट गुरूङ तथा पार्श्वगायक (प्लेब्याक सिङ्गर), संगीतकार एवम् सिक्किम प्रतिभाको खोज २००९-का विजेता एलबी बराइली विशेष अतिथि साथै निर्णायक मण्डलिको रूपमा रहनुभएको थियो। कार्यक्रममा उपस्थित हुन नसकेपनि विद्यालयका प्रधानाचार्य फ्रान्सिस ब्यानर्जीले सबै प्रतिभागीका निम्ति प्रतियोगिता शुरू हुनअघि शुभकामना संदेश पठाउनुभएको थियो।

प्रतिभागीहरूले प्रतियोगितामा एउटा अंग्रेजी तथा एउटा हिन्दी अथवा नेपाली गीत प्रस्तुत गर्नुपर्ने थियो। प्रतिभागीहरूको प्रस्तुतिको आधारमा निर्णायक मण्डलीद्वारा आफ्नो निर्णय सुनाएको हो।

प्रतियोगिताका पहिलो उपविजेता कक्षा आठ (ए)-का सिमोन राई अनि दोस्रो उपविजेता कक्षा दश (बी)-का अलिस राई बनेका छन्।

प्रतियोगिताको चौथो अनि पाँचौं स्थानमा आउने क्रमैले अविषेक शर्मा, अतिक्षा थापा र अलिना राईलाई पनि ट्रफी, प्रमाणपत्र साथै नगद राशी प्रदान गरियो। यस अवसरमा कक्षा एघार कला विषयका अविषेक छेत्रीले नृत्य प्रस्तुत गरेका थिए भने प्राथमिक स्तरको कक्षा तीन (ए)-का दुई विद्यार्थी शेराप साङमो भोटिया अनि जिग्मी नर्बु काजीले गीत प्रस्तुत गरेका थिए।

# मन्त्री लेप्चा तथा विधायक भोटियाद्वारा ३२ नम्बर बजारमा हनुमान मन्दिरको उद्घाटन

**गान्तोक।**
परिवहन तथा भवन एवम् आवास विभाग मन्त्री डीटी लेप्चा तथा मारताम-रुमतेक क्षेत्रका विधायक मिचुङ भोटियाको बाहुलीबाट २६ अक्टोबरका दिन ३२ नम्बर बजारमा निर्माण गरिएको हनुमान मन्दिरको उद्घाटन गरियो। यस मन्दिरको निर्माण रघुवीर अग्रवालले आफ्नै खर्चमा गर्नुभएको हो।

कार्यक्रममा मुख्य अतिथि रहनुभएका मन्त्री लेप्चाले पुरानो शिवालय मन्दिर नजिक निर्माण गरिएको हनुमान मन्दिरको निम्ति स्थानीयवासीलाई बधाई दिनुभयो। उहाँले हनुमानका विभिन्न स्वरूपबारे बताउनुहुँदै यी कुराहरू आजका युवाहरूलाई प्रेरित गर्नका लागि सान्दर्भिक छन् भनी बताउनुभयो।

यस क्षेत्रमा धर्मस्थलको स्थापना गरेर समाजमा अझ एउटा सम्पत्ति जोडेर ठूलो सेवा पुर्याउने रघुवीर अग्रवाल अनि उहाँको परिवारलाई ३२ नम्बरको अर्पन समाजद्वारा अभिनन्दन जनाइयो।

यसअवसरमा पर्यटन एवम् नागरिक उड्डयन मन्त्री उगेन टी ग्याछो, विधायक श्याम प्रधान लगायत अन्यको पनि उपस्थिति रहेको थियो।

# सशस्त्र सीमा बलको मुख्यालयमा सतर्कता सचेतना सप्ताह पालन

**गान्तोक।**
मार्चकस्थित सशस्त्र सीमा बल (एसएसबी)-को मुख्यालयमा २९ अक्टोबरदेखि शुरूभएको सतर्कता सचेतना सप्ताह ३ नोभम्बरका दिन सम्पन्न हुनेछ। सप्ताहव्यापी कार्यक्रमको शुरुवातको अवसरमा एसएसबी क्षेत्रीय मुख्यालयका उपमहा निरीक्षक बीके पल विशेष रूपमा उपस्थित रहनुभएका थियो।

उहाँले यहाँका अधिकारी एवम् कर्मचारीहरूलाई सतर्कता सचेतना सप्ताहको सपथ दिलाउनुभयो।

यसअवसरमा सबैले भ्रष्टाचारलाई निर्मुल पार्ने अनि मुख्यालयमा सजग रहने सपथ लिए। उपमहा निरीक्षक पलले सबैसित हाम्रो समाजलाई भ्रष्टाचारमुक्त बनाउन आफ्नो कार्य इमान्दारीपूर्वक अनि समर्पणका साथ गर्न आग्रह गर्नुभयो।

भ्रष्टाचार विरूद्ध लडाई गर्नका निम्ति सबै एकजुट भएर अन्यलाई आकर्षित गर्न अनि भ्रष्टाचारको अभ्यासलाई प्रोत्साहित गराउने सबै नकारात्मक प्रयास विरूद्ध रक्षकको रूपमा रहन पनि उहाँले सबैसित अनुरोध गर्नुभयो।

# राज्यपाल प्रशादको नथुला भ्रमण सम्पन्न

**गान्तोक।**
सिक्किमका राज्यपाल गंगा प्रसादले भारतीय सेनाहरूसँग विजय दशमी मनाउन १४ फीट उचाइमा अवस्थित नथुलाद्वारा सीमाको भ्रमण भारतीय सेनाका जवानहरूसँग गर्नुभयो। राज्यपाललाई नथुला द्वारमा ब्रिगेडियर गम्भीर सिहं एभीएसएम, ६३ ब्रिगेड मेजर जनरल राजा सुब्रमनी, एसएम, भिएसएम अनि लेफ्टिनेट सेना अधिकृत तथा कमान्डिङ अधिकारी राहुल गौतम साथै सेनाका जवानहरूले स्वागत गरे।
राज्यपालले विजय दशमीको पावन अवसरमा सेनाका जवानहरूसँग भेट गरी विजय दशमीको शुभकामना दिनुभयो। यसै अवसरमा सेनाका जवानहरूलाई मिठाई बाढ्न साथै नथुलाबाट प्रस्थान हुन अघि आगन्तुकका लागी राखिएको किताबमा आफ्नो मन्तव्य लेख्नुभयो।
नथुला प्रवेश गर्न अघि राज्यपालले पाँचौं सिक लाइ रेजिमेन्टका सेनाका अधिकारीवर्ग तथा सेनाका जवानहरूसँग अन्तरक्रिया गर्नुहुँदै छक्षुमा केही समय विश्राम गर्नुभयो। यो पहिलो राज्यपाल भएपछिको नथुला भ्रमण हो। जुन उहाँले सेनाका जवानहरूसंग दशैंको पावन अवसरमा बिताउनुभयो।
यसै गरी राज्यपालले बाबा हर्भजन मन्दिरमा पूजा-अर्चना पनि गर्नुभयो। यस पश्चात सेरेथाङमा अवस्थित ब्ल्याक क्याट डिभिजन क्याम्पको पनि भ्रमण गर्नुभयो जहाँ उहाँलाई सेरेथाङ सेनाका अधिकारीवर्ग तथा जवानहरूले भव्य स्वागत गरे।
सेरेथाङका सेनाहरूलाई सम्बोधन गर्नुहुँदै राज्यपालले सेरेथाङ अनि नथुला आउनुको मुख्य उद्देश्य सेनाका जवानहरूसँग दशैं मनाउनु रहेकोअवगत गराउनुभयो। यसका साथै राज्यपालले उपस्थित सबै सेनाका अधिकारीवर्ग अनि जवानहरूलाई शुभकामना तथा बधाई दिनुभयो।
यसका साथै राज्यपालले सीमानामा तैनाथ भारतीय सेनाका जवानहरूलाई पनि बधाइ तथा शुभकामना दिनका साथै मिठाइ पनि बाढ्नुभयो। यसका साथै राज्यपालले भारत-चीन सीमामा तैनाथ रहेका चिनीयाँ सेनाहरूसँग पनि शिष्टचार भेट गरी उहाँले सिमामा सेनाहरूले दुःख कष्टहरू सहेर देशको निम्ति योगदान दिइरहेकोमा उनीहरूप्रति कृतज्ञता प्रकट गर्नुभयो।राज्यपालले सेनाका जवानहरूले देश रक्षाको निम्ति हिम्मतका साथ महत्त्वपूर्ण योगदान दिइरहेको बताउनुहुँदै उनीहरूकै कारण देशका आमनागरिकहरू चयनका साथ सुत्न पाइरहेको बताउनुभयो। उहाँले अझ भन्नुभयो, देशको निम्ति सेनाका जवानहरूले सधैं बलिदान दिइरहेका छन्।
कष्टपूर्ण परिस्थितिहरूको सामना गर्दै देश रक्षाको निम्ति सेना सीमानामा खटिरहेका सेनाहरूको ठूलो योगदान छ भन्नुहुँदै त्यसका लागी राज्यपालले आफ्नो ज्यानको प्रवाह नगरी लगनशील भएर देशको शीमानामा खटिरहेका सेनाका जवानहरूको प्रयासको कदर गर्दै प्रशंसा गर्नुभयो।
अन्तमा राज्यपालले देशको निम्ति सेनाबाट भएको योगदानको कदर गर्नुहुँदै नथुला सीमाका सेनाहरूसँग भेटघाट गरी बहुमुल्य समय उनीहरूसँग बिताउन पाएकोमा खुशी व्यक्त गर्नुभयो।
सेनाका जवानहरूको योगदान तथा प्रयासकै कारणले आज देश सुरक्षित छ, यसका साथै राज्यपालले शान्ति एवम् सद्भावनाका साथ भयमुक्त जीवन जीउन सेनालाई प्रोत्साहन दिनुभयो।

## ४३१-वटा ईभीएम अनि ४२१-वटा भीभीपीएटी-को पहिलो स्तरको जाँच सम्पन्न

**नाम्ची।**
दक्षिण जिल्लाको ४३१ वटा इलेक्ट्रोनिक भोटिङ मसिन (ईभीएम) अनि ४२१ वटा भोटर भेरिफाएबल पेपर अडिट ट्रायल (भीभीपीएटी)-को पहिलो स्तरको जाँच (एफएलसी) शुरू भएको छ। जिल्ला प्रशासनिक केन्द्रमा भएको जाँचको अवसरमा दक्षिणका जिल्लापाल प्रभाकर बर्मा, अतिरिक्त जिल्लापाल एवम् पहिलो स्तरको जाँचका पर्यवेक्षक सत्यन प्रधान, मुख्यालयका महकुमा अधिकारी हेमन्त राई, नाम्चीकी महकुमा अधिकारी छोडेन ग्याछो, चुनाउ विभागकी अवर सचिव तृप्ति हाङ्मा सुब्बा, भू-राजस्व एवम् आपदा प्रबन्धन विभागका संयुक्त निर्देशक डीके राई, सम्बन्धिक विभागका अधिकारी लगायत विभिन्न राजनीतिक पार्टीका प्रतिनिधि अनि भारत इलेक्ट्रोनिक्स लिमिटेड (बीइएल)-का अभियन्ताको उपस्थिति थियो।
एफएलसी-को अवसरमा बोल्नुहुँदै जिल्लापाल बार्मले मसिन जाँच गर्नुको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले अघि भन्नुभयो, मसिन राखिएको कमरा अनि एफएलसी हलको सुरक्षा सातै दिन अनि चौबीसै घण्टा आइआरबी जवानहरूले गर्दछन्।
विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरूले एफएलसी-को प्रक्रिया हेरे। प्राप्त जानकारीअनुसार उनीहरूले ईभीएम-को तत्काल चयनको माध्यमबाट गरिने मोक पोलमा पनि भाग लिनेछन्।
एफएलसी-को अवसरमा बीईएल-का चारजना तक्नीकी विशेषज्ञहरू रहेका थिए। ईभीएम मसिनको जाँच प्रक्रिया शुरू भएको ८-देखि १० दिन भित्रमा पूरा हुने अनुमान गरिएको छ।

## सोरेङ बीईड कलेजमा कलेज उत्सवको समापन

**गान्तोक।**
पश्चिम सिक्किमको सोरेङस्थित बीईड कलेजमा २८ अक्टोबरदेखि शुरू भएको चार दिवसीय कलेज उत्सवको ३१ अक्टोबरका दिन समापन भयो। भव्यताका साथ पालन गरिएको कार्यक्रमको समापन समारोहमा शिक्षा, कानून तथा खेल एवम् युवा मामिला विभाग मन्त्री आरबी सुब्बा मुख्य अतिथि रहनुभएको थियो। कार्यक्रममा शिक्षा विभाग, स्वास्थ्य विभाग, बागवाणी विभागका सल्लाहकार, वन, पर्यावरण एवम् वन्यप्राणी विभागका अध्यक्ष, उच्च शिक्षाका निर्देशक, सोरेङका अतिरिक्त जिल्लापाल (विकास), सोरेङका महकुमा अधिकारी तथा एसडीपीओ विशिष्ठ अतिथिको उपस्थिति रहेको थियो।
कलेजका विद्यार्थीहरूद्वारा 'सपना'-सित आधारित उत्कृष्ट अल्ट्रा भायोलेट लाइट देखाएर शुरू भएको कार्यक्रममा राखिएका विभिन्न स्टल तथा विद्यार्थीहरूले हातले तयार पारेका खाद्य सामग्री, अध्ययन-अध्यापन सामग्रीर नमूना तथा अन्य रचनात्मक हस्तशील्पको मुख्य अतिथि लगायत विशिष्ट अतिथिगणद्वारा निरीक्षण गरियो।
कलेजकी प्राध्यापिकाले कलेजको प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। कार्यक्रममा 'कृत्रिम बुद्धिमता बर्तान या अभिशाप' विषयमाथिको फाइनल अन्तर हाउस तर्क प्रतियोगिता, वक्तृत्वकला, लोक गीत र नृत्य प्रतियोगिता रहेका थिए।
कार्यक्रममा बोल्नुहुँदै मुख्य अतिथि आरबी सुब्बाले बीईड कलेजका विद्यार्थीहरूलाई विद्वानको संज्ञा दिनुभयो अनि सोरेङमा बीईड कलेज अनि च्याखुङमा विज्ञान कलेज स्थापित गर्ने सपना आज आएर साकार भएको कुराको उपस्थित मानिसहरू सम्झना गराउनुभयो। शैक्षिक साथै अन्य विभिन्न गतिविधिमा यस कलेजमा विद्यार्थीहरूको सर्जनात्मक गतिविधि, अभिनव र रचनात्मक प्रदर्शनी अनि सहभागिताको निम्ति उहाँले खुलेर प्रशंसा गर्नुभयो।

## टिस्टा चरण-५-द्वारा वकाथन आयोजित

**डिक्चु।**
सतर्कता सचेतना सप्ताहको अवसरमा राष्ट्रिय जलविद्युत परियोजना निगम (एनएचपीसी) टिस्टा चरण-५ द्वारा डिक्चुस्थित बाँधबाट बालुटारस्थित पावर हाउससम्म वकाथन आयोजन गरियो।
२९ अक्टोबरका दिनदेखि शुरू भएको सतर्कता सचेतना सप्ताह ३ नोभम्बरसम्म पालन गरिनेछ। सम्पन्न वकाथनमा महिला, स्थानीयवासी अनि परियोजनाका वरिष्ठ अधिकारीहरू गरी कुल १५० जनाले भाग लिएका थिए।
२७ किलोमिटरको वकाथनको शुरूवात राकदोङ-तिनतेक ग्राम पञ्चायत एकाइ (जीपीयू)-का जिल्ला पञ्चायत सदस्य बीबी गुरूङले झण्डा हल्लाएर गर्नुभयो। यस अवसरमा एनएचपीसी-का मुख्य अभियन्ता प्रभारी सहदेव खटुवाको पनि उपस्थिति रहेको थियो। 'भ्रष्टाचार हटाउँ-नयाँ भारतको निर्माण गरौं' भन्ने ध्येयमा आयोजन गरिएको वकाथनको मुख्य उद्देश्य भ्रष्टाचारमुक्त भारतको संदेश दिनु रहेको खटुवाले बताउनुभयो।

## लागू पदार्थको प्रयोगबाट हुने विकारको प्रबन्धनः एक समिक्षामाथि प्रशिक्षण आयोजित

**गान्तोक।**
सिक्किम उच्च न्यायालयकी कार्यकारी मुख्य न्यायाधीश एवम् सिक्किम राज्य कानूनी सेवा प्राधिकरण (एसएसएलएसए)-की कार्यकारी अध्यक्ष न्यायमूर्ति मिनाक्षी मदन राईको निर्देशन अनि मार्गदर्शनमा एसएसएलएसए-द्वारा 'लागू पदार्थको प्रयोगबाट हुने विकारको प्रबन्धनः एक समिक्षा'-माथि तेस्रो अनि अन्तिम चरणको एक दिवसीय प्रशिक्षण कार्यक्रम आयोजन गरियो। सिक्किमको पुनर्वास अनि लतमुक्त केन्द्रका सल्लाहकारहरूका निम्ति आयोजित कार्यक्रम गान्तोकको विकास क्षेत्रस्थित एसएसएलएसए-को प्रशिक्षण कक्षमा सम्पन्न भयो।
प्रशिक्षण कार्यक्रममा एसटीएनएम अस्पतालको मनोचिकित्सा विभागकी नैदानिक मनोचिकित्सक (क्लिनिकल साइकोलोजिस्ट) सुश्री सालिन्ता राई अनि श्रीमती नानसी चङ्कापा स्रोतवक्ता रहनुभएको थियो। स्रोतवक्ताद्वयद्वारा लागूपदार्थसित सम्बन्धित समस्या र यसको प्रबन्धन, लागूपदार्थको सेवनबाट विकार भएका रोगीको मानसिक अवस्थाको परिक्षण, लागूपदार्थ प्रयोगबाट विकारको इतिहास जस्ता विषयमा विभिन्न कुराको जानकारी गराउनुभयो।
लोअर बुर्तुकको सेरेनीटी होम, निमटारको सिक्किम पुर्वास अनि डिटक्सिफिकेशन केन्द्र, बोझोघारीस्थित जीवन मार्ग, सिच्छेस्थित लत लागेकाहरूका निम्ति जागृति एकीकृत पुनर्वास केन्द्र अनि ताथाङचेनस्थित फ्रिडम फेसिलिटिबाट १७ जना सल्लाहकारहरूले सहभागिता जनाएका थिए।

## आयोगका अध्यक्ष जैनद्वारा राज्यपाल प्रसादसित भेट

**गान्तोक।**
सिक्किम राज्य मानव अधिकार आयोगका अध्यक्ष न्यायाधीश नरेन्द्रकुमार जैनले २४ अक्टोबरको दिन राजभवनमा राज्यपाल गंगा प्रसादसित भेटघाट गर्नुभयो।
राज्यपाल प्रसादसित अध्यक्ष जैनको यो एउटा आधिकारिक भेटघाट हो। भेटघाटको अवधि न्यायधीश जैनले राज्यपाल प्रसादलाई आयोगका विभिन्न कार्यक्रम तथा गतिविधिबारे जानकारी गराउनुभयो।
राज्यपाल प्रसादले राज्यका नागरिकलाई सशक्त बनाउने दिशामा आयोगले गरिरहेको कार्यक्रमको प्रशंसा गर्दै आम मानिसहरूलाई अझ उनीहरूको अधिकार र संविधानले दिएको अधिकार र जिम्मेवारीहरूबारे सचेत गराउने दिशामा काम गर्नुपर्ने आह्वन गर्नुभयो। राष्ट्रपति आम नागरिकको जिम्मेवारी उनीहरूलाई दिइएको संवैधानिक अधिकारबारे जनतालाई सजग गराउनुपर्ने सल्लाह राज्यपाल प्रसादले दिनुभयो।

## वर्ष २०१८-१९ का लागि सेरेमना प्रजातिको ठूलो अलैंचीको अक्सन सम्पन्न

**सिङताम।**
सिक्किम क्षेत्रको नेरामेक लिमिटेडद्वारा ३१ नोभम्बरका दिन वर्ष २०१८-१९ का लागि सेरेमना प्रजातिको ठूलो अलैंचीको दोस्रोपल्ट अक्सन गरियो। सिङतामस्थित स्पाइसीस बोर्डको अक्सन केन्द्रमा भएको अक्सनका लागि ल्याइएको कुल २८६३.३ मेट्रिक टन ठूलो अलैंचीमध्ये २८४४.३ मेट्रिक टन □ १८.३४ लाखमा विक्रि गरियो भने अघिल्लो अक्सनमा अझ राम्रो दाम पाउने आशामा कृषकहरूले १९ केजी अलैंची फिर्ता लिए।
ठूलो अलैंचीका उत्पादक पश्चिम सिक्किमको हि-गाउँ निवासी जनार्दन बस्नेतले उच्च दाम पाउनुभयो। उहाँले अलैंची प्रति केजी □ ६९० अर्थात □ २७,६०० प्रति मील प्राप्त गर्नुभयो। यसको मोल सिलगढीका पीएस जैन एण्ड सनद्वारा लगाइयो जसको मूल्य सो दिनको बजार भाउ भन्दा अधिक रहेको बताइएको छ। यस दिनको कम्ति मोल □ ४५० प्रति केजी रहेको थियो। निम्नस्तरीय गुण भएको अलैंचीको कारण कम मूल्य प्राप्त भएको बताइएको छ। यस दिन अक्सन गरिएको ठूलो अलैंचीको औसत दर □ ५८० प्रति केजी अर्थात □ २३,२०० प्रति मील रहेको थियो। राज्यको चारै जिल्लाका कृषक तथा सिङताम, रानीपुल अनि सिलगढीका विक्रेताहरू रहेको अक्सनको अवसरमा यस अक्सनका लागि पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश, मध्य प्रदेश अनि केरला राज्यका विक्रेताहरूलाई निमन्त्रणा पठाइएको थियो। अघिल्लो अक्सनका लागि सम्बन्धित विभाग, कृषक प्रतिनिधि तथा व्यापारीहरूसितको परामर्शपछि निर्णय लिइने कुराको जानकारी गराइएको छ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 624 / Nepali Herald 2500 Cps. 3.11.2018